# आकाशवाणी समाचार- नेपाली

मितिः १५ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मुले देशको महिलाहरु शक्ति आकांक्षा, उपलब्धि र योगदान दिन अगाडि बढिरहेको बताउनु भएको छ।

२. अमेरिकाको फलदायी भ्रमण सफलतापूर्वक सम्पन्न गरेपछि प्रधानमन्त्री नरेन्द्र मोदी नयाँ दिल्ली आइ पुग्नुभएको छ।

३. विदेशमन्त्री एस जयशंकरले जर्मनीको म्युनिख सुरक्षा सम्मेलनमा भारतको लोकतन्त्रले राम्रो नतिजा दिएको कुरामा जोड दिनुभयो।

४. महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले आगामी छ महिनाभित्र राज्यमा नयाँ आपराधिक कानून पूर्ण रूपमा लागू हुने बताउनु भएको छ।

५. महिला प्रिमियर लिग - WPL क्रिकेटको पहिलो म्याचमा रोयल च्यालेन्जर्स बैंगलोरले गुजरात जायन्ट्सलाई ६ विकेटले पराजित गरेको छ।

## राष्ट्रपति कर्नाटक

राष्ट्रपति द्रौपदी मुर्मुले देशको महिलाहरु शक्ति आकांक्षा, उपलब्धि र योगदान दिन अगाडि बढिरहेको बताउनु भएको छ। राष्ट्रपतिले महिलाहरूलाई ठूला सपना देख्न र ती सपना पूरा गर्न साहस, शक्ति र क्षमता जुटाउन आग्रह गर्नु भयो। राष्ट्रपतिले हिजो बेंगलुरुमा आर्ट अफ लिभिङ अन्तर्राष्ट्रिय केन्द्रको १० औं अन्तर्राष्ट्रिय महिला सम्मेलनलाईसम्बोधन गर्नु हुँदै थियो। राष्ट्रपतिले महिलाहरू निडर हुनुपर्छ भन्नुभयो। उहाँले महिलाहरूलाई महत्वाकांक्षी लक्ष्यहरू राख्न, अवरोधहरू तोड्न र रूढीवादी धारणाहरूलाई चुनौती दिन आह्वान गर्नु भयो।राष्ट्रपतिले भन्नु भयो, प्रत्येक मानवले करुणा, प्रेम र एकताको मूल्यलाई प्रवर्द्धन गर्न थप प्रयास गर्न आवश्यक छ। उहाँले भन्नु भयो, महिलाहरूमा करुणाको माध्यमबाट नेतृत्व गर्ने विशेष क्षमता हुन्छ। राष्ट्रपतिले मानसिक स्वास्थ्यको महत्त्वको बारेमा बोल्दै यो महिलाहरूको लागि धेरै आवश्यक रहेको बताउनु भयो।

****** ० ******

## प्रधानमन्त्रीको अमेरिका भ्रमण

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा अमेरिकाको फलदायी र उत्पादक भ्रमण सफलतापूर्वक सम्पन्न गरेपछि प्रधानमन्त्री नरेन्द्र मोदी नयाँ दिल्ली आइ पुग्नुभएको छ। राष्ट्रपति ट्रम्पले दोस्रो कार्यकालको शपथ लिएपछि प्रधानमन्त्रीको यो पहिलो अमेरिका भ्रमण थियो।यस भ्रमणको क्रममा प्रधानमन्त्री श्री मोदीले वाशिंगटनमा राष्ट्रपति ट्रम्पसँग द्विपक्षीय वार्ता गर्नु भयो। द्विपक्षीय छलफल ह्वाइट हाउसमा शुरु भयो र लगभग चार घण्टासम्म

चल्यो। छलफलमा रणनीतिक तथा सुरक्षा सहयोग, रक्षा, व्यापार तथा आर्थिक संलग्नता, प्रविधि, ऊर्जा सुरक्षा र जनता-जनता सम्बन्धका साथै क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरू समेटिएका थिए।दुई नेताहरूले संयुक्त रूपमा २१ औं शताब्दीका लागि अमेरिका-भारत कम्प्याक्टको शुरुवात गरे। यसले सैन्य साझेदारी, द्रुत वाणिज्य र प्रविधिमा अवसरहरूलाई प्रवर्द्धन गर्नेछ। व्यापार र लगानीको क्षेत्रमा, दुई नेताहरूले मिशन ५०० शुरु गरे जसको लक्ष्य २०३० सम्ममा कुल दुईतर्फी व्यापारलाई दोब्बरभन्दा बढी गरी ५०० अर्ब डलर पुर्‍याउनु हो। प्रधानमन्त्री श्री मोदी र राष्ट्रपति श्री ट्रम्पले यो प्रक्रियालाई अगाडि बढाउन २०२५ सम्ममा पारस्परिक रूपमा लाभदायक बहु-क्षेत्रीय द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरणमा वार्ता गर्ने योजनाको पनि घोषणा गरे। दुई देशहरू बीचको रणनीतिक साझेदारीमा रक्षा सहयोग एक धेरै महत्त्वपूर्ण क्षेत्र बनेको छ। दुई नेताहरूले २१ औं शताब्दीमा अमेरिका-भारत प्रमुख रक्षा साझेदारीको लागि नयाँ १०-वर्षे रूपरेखालाई अन्तिम रूप दिने योजनाको पनि घोषणा गरे। यो २०२५ देखि २०३५ सम्म चल्ने रूपरेखा हो र यस वर्षको अन्त्यतिर यसलाई अन्तिम रूप दिइने सम्भावना छ। उनीहरूले जमिन र हवाई प्रणाली सहित धेरै प्लेटफर्महरूको लागि जारी रक्षा खरिद वार्ता, साथै सह-उत्पादन सम्झौताहरू अगाडि बढाउन पनि सहमति जनाए।

****** ० ******

**<u>जयशंकर-म्युनिख</u>**

विदेशमन्त्री एस जयशंकरले भारतको लोकतन्त्रको दिशाप्रति सकरात्मक रहनु भएको छ। उहाँले भारतको लोकतन्त्रले राम्रो नतिजा दिएकोमा जोड दिनुभयो। डा. जयशंकर हिजो जर्मनीको म्युनिख सुरक्षा सम्मेलनमा 'अर्को दिन मतदान गर्न बाँच्नुहोस्: लोकतान्त्रिक लचिलोपनलाई सुदृढ पार्दै' विषयमा प्यानल छलफलमा भाग लिँदै बोल्नु हुँदै थियो। उहाँले भारतमा चुनाव कसरी सञ्चालन गरिन्छ भनेर बोल्नु भयो र दिल्लीमा हालैका चुनावहरू र गत वर्ष भएका संसदीय चुनावहरूको बारेमा उल्लेख गर्नु भयो।नर्वेका प्रधानमन्त्री जोनास गहर स्टोर, अमेरिकी सिनेटर एलिसा स्लटकिन र वार्साका मेयर राफल ट्राजास्कोस्क पनि प्यानल छलफलमा उपस्थित थिए। विदेशमन्त्रीले भन्नु भयो, विश्वव्यापी रूपमा लोकतन्त्र समस्यामा छ भन्ने धारणामा उहाँ फरक हुनुहुन्छ र भारतको लोकतन्त्रलाई प्रकाश पार्नु भयो। उहाँले भन्नु भयो, भारतले गत वर्ष राष्ट्रिय चुनाव देखेको थियो। उहाँले थप्नु भयो, भारतीय चुनावमा, लगभग दुई तिहाइ योग्य मतदाताहरूले मतदान गर्छन्। राष्ट्रिय चुनावमा लगभग ९० करोड मतदाताहरुले मतदान गर्छन्, लगभग ७० करोडले मतदान गर्छन् र एकै दिनमा मत गणना गरिन्छ।डा. जयशंकरले उल्लेख गर्नु भयो, त्यहाँ केही भागहरू छन् जहाँ लोकतन्त्र राम्रोसँग काम गरिरहेको छ र त्यहाँ केही भागहरू हुन सक्छन् जहाँ यो छैन। यद्यपि, उहाँले यसलाई विश्वव्यापी घटना मान्नु हुँदैन भन्ने कुरामा जोड दिनु भयो। उहाँले भन्नु भयो, भारतले स्वतन्त्रतापछि लोकतान्त्रिक मोडेल रोजेको थियो, किनभने राष्ट्रमा मौलिक रूपमा परामर्शदायी बहुलवादी समाज थियो। ६१ औं म्युनिख सुरक्षा सम्मेलन भोलिदेखि जर्मनीको म्युनिखमा आयोजना हुँदैछ। म्युनिख सुरक्षा सम्मेलन २०२५ ले प्रमुख विदेश र सुरक्षा नीति चुनौतीहरूमा उच्च-स्तरीय बहसको लागि एक अनुपम प्लेटफर्म प्रदान गर्नेछ।

****** ० ******

**<u>जितेन्द्र सिंह - बजेट</u>**

केन्द्रीय राज्यमन्त्री जितेन्द्र सिंहले २०२५-२६ को सामान्य बजेटलाई दूरगामी र क्रान्तिकारी बताउनु भएको छ। बजेटको बारेमा अहमदाबादमा पत्रकारहरूलाई सम्बोधन गर्नु हुँदै श्री सिंहले यो बजेट प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोण अनुरूप रहेको बताउनु भएको छ। श्री सिंहले भन्नु भयो, आणविक अभियानको शुरुवातसँगै भारतले २०४७ सम्ममा १०० गिगावाट आणविक ऊर्जा उत्पादन गर्न सक्षम हुनेछ।श्री सिंहले भन्नु भयो, यस बजेटमा मध्यम वर्गलाई आयकरमा ठूलो राहत दिइएको छ।

****** ० ******

**<u>महाराष्ट्र-नयाँ आपराधिक कानून</u>**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले आगामी छ महिनाभित्र राज्यमा नयाँ आपराधिक कानून पूर्ण रूपमा लागू हुने बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा केन्द्रीय गृहमन्त्री अमित शाहसँगको भेटपछि पत्रकारहरूसँग कुरा गर्नु हुँदै श्री फडणवीसले महाराष्ट्रले नयाँ कानूनहरू कार्यान्वयनमा उल्लेखनीय प्रगति गरिसकेको बताउनु भएको छ।उहाँले भन्नु भयो, सात वर्षभन्दा पुराना मुद्दाहरूको लागि फोरेन्सिक पूर्वाधार बढाउन २७ वटा भ्यानहरू तैनाथ गरिएको छ। उहाँले भन्नुभयो, राज्यको ९० प्रतिशतभन्दा बढी पुलिस बललाई नयाँ कानून लागू गर्न पहिले नै तालिम दिइसकिएको छ। अनलाइन सुनुवाइको बारेमा, श्री फडणवीसले भन्नु भयो, राज्यले भिडियो कन्फरेन्सिंगमार्फत सुनुवाइ सञ्चालन गर्न समर्पित सेलहरू स्थापना गर्ने काम गरिरहेको छ। २६/११ को मुम्बई आतंकवादी हमलाका प्रमुख अभियुक्त तहव्वुर राणाको प्रत्यर्पणलाई अमेरिकाले अनुमोदन गरेपछि श्री फडणवीसले सबै दोषीहरूलाई कानून अनुसार सजाय दिएकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई धन्यवाद दिनु भएको छ।

****** ० ******

**जम्मू र कश्मीर-विधानसभा सत्र**

जम्मू कश्मीरको विधानसभा सचिवालयले हिजो केन्द्र शासित प्रदेशको विधानसभाको दोस्रो सत्रको लागि क्यालेन्डर जारी गर्‍यो। यो सत्र ३ मार्चदेखि सुरु हुँदैछ। हाम्रो जम्मू संवाददाताले जानकारी दिए अनुसार सात वर्षमा पहिलोपटक, निर्वाचित सरकारले ७ मार्चमा बजेट प्रस्तुत गर्नेछ।विधानसभा अध्यक्ष अब्दुल रहीम राथेरद्वारा जारी गरिएको दस्तावेज अनुसार, विधानसभा सत्र ३ मार्चमा उप राज्यपालको सम्बोधनबाट शुरु हुनेछ। धन्यवाद प्रस्तावमाथि ४ मार्चदेखि ६ मार्चसम्म छलफल हुनेछ। वार्षिक वित्तीय विवरण (बजेट) २०२५-२६ र २०२४-२५ को लागि पूरक खर्च विवरण ७ मार्चमा प्रस्तुत गरिनेछ। ८ देखि ११ मार्चसम्म बजेटमाथि सामान्य छलफल हुनेछ र सरकारले ११ मार्चमा यसको जवाफ दिनेछ। अनुदान मागहरूमाथि १२ मार्चदेखि २५ सम्म छलफल गरिनेछ। सत्र शुक्रबार, ११ अप्रेलमा समाप्त हुनेछ।

****** ० ******

**आरबीआई-जरिवाना**

भारतीय रिजर्भ बैंक – आरबीआईले बैंकिङ प्रावधानहरू उल्लङ्घन गरेकोमा श्रीराम फाइनान्स लिमिटेडलाई पाँच लाख असी हजार रुपियाँ, उज्जीवन स्मल फाइनान्स बैंक लिमिटेडलाई छ लाख सत्तर हजार रुपियाँ र नैनीताल बैंक लिमिटेडलाई एकसठ लाख चालीस हजार रुपियाँ जरिवाना गरेको छ।प्रेस विज्ञप्ति अनुसार, श्रीराम फाइनान्स लिमिटेडको ३१ मार्च २०२३ सम्मको वित्तीय स्थितिको सन्दर्भमा गरिएको निरीक्षणले कम्पनीले क्रेडिट सूचना कम्पनीहरूसँग कर्पोरेटहरूको सम्बन्ध खण्डको बारेमा जानकारी साझा गर्न असफल भएको साथै खाताहरूको जोखिम वर्गीकरणको आवधिक समीक्षा प्रणाली लागू गर्न असफल भएको पत्ता लगाएको छ।उज्जीवन स्मल फाइनान्स बैंकको हकमा, आरबीआईको सुपरिवेक्षण मूल्याङ्कनको निरीक्षणले बैंकले ऋण स्वीकृत वा वितरण गर्दा केही ऋणीहरूलाई ऋण सम्झौता जारी गर्न असफल भएको पत्ता लगायो।

****** ० ******

**जम्मू कश्मीर-दिव्य कला मेला**

जम्मू कश्मीरमा, उप राज्यपाल मनोज सिन्हा र केन्द्रीय सामाजिक न्याय तथा सशक्तिकरण मन्त्री डा. वीरेन्द्र कुमारले हिजो जम्मूको गुलशन मैदानमा ११ दिने दिव्य कला मेलाको उद्घाटन गर्नुभयो।हाम्रो जम्मू संवाददाताले बताए अनुसार यो मेला दिब्याङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तिकरणतर्फ भारत सरकारको एक अनौठो पहल हो। यो सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयको दिब्याङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण विभागले राष्ट्रिय दिब्याङ्गता वित्त तथा विकास निगमसँगको सहकार्यमा आयोजना गरिरहेको छ।

****** ० ******

## दिल्ली बोर्ड परीक्षा सीबीएसई

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड-सीबीएसई १० औं र १२ औं परीक्षा आजदेखि शुरु हुँदैछ। कक्षा १० को बोर्ड परीक्षा अंग्रेजी विषयको परीक्षाबाट शुरु हुनेछ। साथै १२ औं परीक्षा शारीरिक शिक्षा विषयको परीक्षाबाट शुरु हुनेछ। परीक्षा बिहान १०:३० बजेदेखि दिउँसो १:३० बजेसम्म सञ्चालन हुनेछ। केही विषयहरूको लागि परीक्षा बिहान १०:३० बजेदेखि दिउँसो १२:३० बजेसम्म हुनेछ। परीक्षा शुरु हुनुभन्दा १५ मिनट अगाडि विद्यार्थीहरूलाई थप समय दिइनेछ।विद्यार्थीहरूले परीक्षा केन्द्रमा आधा घण्टा अगाडि नै पुग्नुपर्नेछ र बिहान १० बजेपछि कुनै पनि विद्यार्थीलाई प्रवेश गर्न दिइने छैन।

****** ० ******

## महिला प्रिमियर लिग क्रिकेट

महिला प्रिमियर लिग - WPL क्रिकेटको पहिलो म्याचमा, रोयल च्यालेन्जर्स बैंगलोरले हिजो राति वडोदराको कोटाम्बी स्टेडियममा गुजरात जायन्ट्सलाई ६ विकेटले पराजित गऱ्यो। रोयल च्यालेन्जर्स बैंगलोरले २०२ रनको लक्ष्य चार विकेट र नौ बल बाँकी रहँदा पूरा गऱ्यो।गुजरात जायन्ट्सले दिएको २०२ रनको लक्ष्य रोयल च्यालेन्जर्स बैंगलोरले प्राप्त गऱ्यो। रिचा घोषले २७ बलमा ६४ रन र एलिस पेरीले ३४ बलमा ५७ रन बनाएकी थिइन्। यसअघि पहिले ब्याटिङ गरेको गुजरात जायन्ट्सले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै २०१ रन बनाएको थियो। कप्तान एश्ले गार्डनरले ३७ बलमा ७९ रन र बेथ मुनीले ४२ बलमा ५६ रन बनाए। ऋचा घोष प्लेयर अफ द म्याच घोषित भइन्। आज साँझ ७:३० बजे बडोदरामा मुम्बई इन्डियन्सले दिल्ली क्यापिटल्सको सामना गर्नेछ। तेस्रो डब्लु.पी.एल चार शहरहरू - बडोदरा, बेंगलुरु, लखनऊ र मुम्बईमा आयोजना हुँदैछ जसमा पाँच टोलीहरू सहभागी छन्।

****** ० ******